बैठक संख्या :- ६४ मिति: २०८३।०२।२९ समय: बिहान ८:०० बजे

आज मिति २०८३ साल जेठ २९ गतेका दिन गुराँस गाउँपालिका दैलेखको ६४औं कार्यपालिको बैठक गुराँस गाउँपालिकाका अध्यक्ष श्री टोपब. वि.सीज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि निर्णय गरी पारीत गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| श्री काशीराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा नं. ७ |
| श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सपना कुमारी बुढा | - कार्यपालिका सदस्य |
| श्री पम्फी वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमिसरा वली | - कार्यपालिका सदस्य |
| श्री ओम प्रकाश देवकोटा | प्रमुख प्रशासकीय अधिकृत/सदस्य सचिव |

सहयोगी कर्मचारी

| | |
|---|---|
| श्री दिपेन्द्र के.सी. | प्रशासन शाखा प्रमुख |
| श्री. खगेन्द्र उपाध्याय | सहायक पाँचौ |
| श्री. पूर्ण ब. वली | स्वास्थ्य सहायक |
| श्री खगेश्वरा वि.क. | कार्यालय सहयोगी |

**कार्यपालिका बैठक संख्या नं. ६४** **स्थानः गाउँपालिका भवन** **मितिः २०८३/०२/२९**

**समयः विहान ०८:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. कानून निर्माण तथा स्वीकृति सम्बन्धमा ।
३. क्षमता विकास योजना स्वीकृत सम्बन्धमा ।
४. गाउँ सभाको अधिवेशनमा पेश गर्ने कानूनी तथा नीतिगत मस्यौदाहरु अनुमोदन सम्बन्धमा ।
५. राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा ।
६. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।
७. अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
८. विधायन समितिको प्रतिवेदन सम्बन्धमा ।
९. सुशासन तथा स्थानीय सेवा समिति प्रतिवेदन सम्बन्धमा ।
१०. सामाजिक समितिको प्रतिवेदन सम्बन्धमा ।
११. कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समिति प्रतिवेदन सम्बन्धमा ।
१२. गाउँसभामा पेश हुने कार्यसूचीका सम्बन्धमा ।
१३. जग्गा मूल्यांकनका लागि मालपोत कार्यालयलाई सिफारिश गर्ने सम्बन्धमा ।
१४. जग्गा तथा घर बहाल सम्बन्धमा ।
१५. रोजगार संयोजकको छनौट र नियुक्तिका लागि समिति गठन सम्बन्धमा ।
१६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रका सम्बन्धमा ।
१७. अनुगमन प्रतिवेदन सम्बन्धमा ।
१८. भुक्तानी फरफारक अनुमोदन सम्बन्धमा ।
१९. स्कूल बस खरिद सम्बन्धमा ।
२०. आयोजना ठेक्काको म्याद थप सम्बन्धमा ।
२१. झोलुंगे पुलको विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्बन्धमा ।
२२. सामुदायिक विद्युतको महशुल सम्बन्धमा ।
२३. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता प्रदान गर्ने सम्बन्धमा ।
२४. स्थानीय बालमैत्री शासन समिति गठन सम्बन्धमा ।
२५. छोरी सम्मेलनलाई आर्थिक सहयोग सम्बन्धमा ।
२६. कर्णाली अन्तर्राष्ट्रिय चलचित्र तथा पर्यटन महोत्सवलाई आर्थिक सहयोग सम्बन्धमा ।
२७. शिक्षा समितिको बैठकका निर्णय अनुमोदन सम्बन्धमा ।
२८. आर्थिक सहायता सम्बन्धमा ।
२९. विविध ।

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

**निर्णय नं. १**

गुराँस गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिकाको ६३ औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित विधेयकलाई स्वीकृतिका लागि गाउँ सभाको १८ औं अधिवेशनमा पेश गर्ने र अन्य कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

१. आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थित) गर्न बनेको विधेयक, २०८३
२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३
३. राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८३
४. राजस्व परामर्श समिति संचालन सम्बन्धी कार्यविधि, २०८३
५. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०८३
६. बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०८३
७. बिषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८३
८. सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०८३
९. गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०८३
१०. गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०८३
११. गाउँपालिकाका कर्मचारीहरुको आचारसंहिता, २०८३
१२. करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०८३

तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

१. प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०८३
२. गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०८३
३. गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०८३
४. कानून, निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण सम्बन्धी (कार्यविधि) नियमावली, २०८३
५. सार्वजनिक खरिद नियमावली, २०८३
६. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८३

**निर्णय नं. ३**

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को सहयोगमा तयार भई पेश हुन आएको यस गाउँपालिकाको क्षमता विकास योजना अद्यावधिक आ व २०८३/८४-२०८५/८६ लाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

यस गाउँपालिकाको आ. व. २०८३/८४ को नीति तथा कार्यक्रम र बजेटसंगै कानूनले निर्दिष्ट गरेका तपसीलका कानूनी तथा नीतिगत मस्यौदाहरु स्वीकृतिका लागि गाउँ सभाको १८ औं अधिवेशनमा पेश गर्न अनुमोदन गर्ने निर्णय गरियो।

(१) नीति तथा कार्यक्रम
(२) आर्थिक विधेयक (राजस्व वा करका दरहरु)

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

(३) विनियोजन विधेयक (संचित कोष, कार्यक्रमगत र शीर्षकगत खर्च)

(४) बजेट वक्तव्य

(५) वार्षिक विकास कार्यक्रम

(६) गत वर्षको राजस्व र व्ययको विवरण

(७) चालु वर्षको संसोधित अनुमान

(८) आगामी वर्षको कार्यक्रम र बजेट अनुमान

(९) मध्यमकालीन खर्च संरचना

उपरोक्तका विषयहरुलाई अनुसूची १ देखि ९ मा उल्लेख गरिएको छ।

**निर्णय नं. ५**

यस गाउँपालिकाका उपाध्यक्ष तथा राजश्व परामर्श समितिका संयोजक श्री शिवा कुमारी खड्काले पेश गर्नु भएको अनुसूची १० बमोजिमको आ. व. ०८२/८३ को राजश्व परामर्श समितिको प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १८ औं अधिवेशनको बैठकमा पेश गर्नुका साथै नेपालको संविधान २०७२ ले प्रदत्त गरेका कर सम्बन्धी अधिकार बाहेक क्षेत्राधिकार बाहेकका विषयमा कर नलगाउने निर्णय गरियो।

**निर्णय नं. ६**

यस गाउँपालिकाका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक श्री शिवा कुमारी खड्काले पेश गर्नु भएको अनुसूची ११ बमोजिमको आ. व. ०८२/८३ को न्यायिक समितिको प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १८ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

यस गाउँपालिका वडा नं १ का वडा अध्यक्ष श्री भुपेन्द्र बहादुर चन्दले पेश गर्नु भएको अनुसूची १२ बमोजिमको आ. व. ०८२/८३ को अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १८ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

यस गाउँपालिका वडा नं ७ का वडा अध्यक्ष एवं विधायन समितिका संयोजक श्री नन्द बहादुर बि. सी.ले पेश गर्नु भएको अनुसूची १३ बमोजिमको आ. व. ०८२/८३ को विधायन समितिको प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १८ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

यस गाउँपालिका वडा नं ८ का वडा अध्यक्ष श्री दीपेन्द्र वलीले पेश गर्नु भएको अनुसूची १४ बमोजिमको आ. व. ०८२/८३ को सुशासन तथा स्थानीय सेवा समितिको प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १८ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

यस गाउँपालिका वडा नं ३ का वडा अध्यक्ष श्री काशीराम शर्माले पेश गर्नु भएको अनुसूची १५ बमोजिमको आ. व. ०८२/८३ को सामाजिक समितिको प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १८ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

...ओम प्रकाश देवकोटा
... प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. ११**

यस गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष श्री चन्द्र बहादुर रानाले पेश गर्नु भएको अनुसूची १६ बमोजिमको आ. व. ०८२/८३ को कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिको प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १८ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस गाउँपालिकाको गाउँ सभाको १८ औं अधिवेशनको बैठकमा पेश हुने अनुसूची १७ बमोजिमको कार्यसूची अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

भूमि प्रशासन कार्यालय, दैलेखले आगामी आर्थिक वर्ष २०८३।८४ मा यस गाउँपालिका क्षेत्रका जग्गा खरिद बिक्री गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रयोजनार्थ राजश्व परामर्श समितिको मिति २०८३/०१/०७ गते बसेको बैठकको निर्णय अनुसार साविकको मूल्यांकन दरलाई यथावत कायम राखी दिन भनी भूमि प्रशासन कार्यालय, दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस गाउँपालिकाको प्रमुख भवनसंग जोडिएको पश्चिम तर्फ मूल सडकसंग जोडिएको विगत देखि नै प्रयोग हुँदै आइरहेको गाउँपालिकालाई अत्यावश्यक जग्गा प्रचलित कानून र समयानुकुल भाडा दरमा जग्गा बहालमा लिन र पालिकाले विभिन्न प्रयोजनका लागि भाडामा लिएका भवन एवं प्रहरी चौकी भवनहरुको बहाल सम्झौता तथा भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस गाउँपालिकाको कार्यालयमा रिक्त रहेको रोजगार संयोजकको छनौट र नियुक्तिका लागि रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ दफा ६ बमोजिम तपसील अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री दिपेन्द्र पौडेल (वरिष्ठ श्रम अधिकृत) श्रम तथा रोजगार कार्यालय, सुर्खेत

सदस्य श्री टेक बहादुर खत्री (सेवा निवृत्त उपसचिव)

सदस्य सचिव श्री ओम प्रकाश देवकोटा प्रमुख प्रशासकीय अधिकृत, गुराँस

**निर्णय नं. १६**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, वीरेन्द्रनगर, सुर्खेतको च. न. SKT-8283-58115 मिति २०८३/०२/२८ को पत्र बमोजिम १५ शैया अस्पतालका सन्दर्भमा परेको उजुरी र माग भएका कागजातका बारेमा बैठकलाई जानकारी गराइयो ।

**निर्णय नं. १७**

यस गाउँपालिकाका उपाध्यक्ष तथा पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिका संयोजकले पेश गर्नु भएको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२ङ) बमोजिम अनुमोदन गर्ने निर्णय गरियो । जसमा चालु तर्फ रु. २५,०८,४८,९३९।८८ (६०.२९ प्रतिशत) पूँजीगत तर्फ रु. ३,५५,९६,६३८।७८ (१९.९१ प्रतिशत) र समग्रमा २८,६४,४५,५७८।६६ (४८.१४ प्रतिशत) रहेको छ ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.

**निर्णय नं. १९**

यस आर्थिक वर्षमा लक्ष्मी माध्यमिक विद्यालय रतिखोलाका लागि स्कूल बस खरिद गर्ने भनी रकम विनियोजन भएकोमा अन्तर्राष्ट्रिय रुपमा भएको मूल्य वृद्धि तथा गाउँपालिकाको आफ्नै आन्तरिक कारणले गर्दा खरिद प्रक्रिया शुरु गर्न ढिला हुन गएकोले हाललाई विनियोजित रकम सो विद्यालयको खातामा पेश्की स्वरुप निकासा दिने र नेपाल सरकारको नीति बमोजिमको मापदण्ड र करछुटका लागि विद्यालयलाई सहजीकरण गर्न परामर्शदाताका रुपमा मेकानिकल इन्जीनियर नियुक्ती गाउँपालिकाले गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

आर्थिक वर्ष २०८२/८३ मा यस गाउँपालिकाबाट GRM/WORKS/NCB/03/082/83 GURANS Gaurab Marg Sadak को ठेक्का प्राप्त गर्ने New Kakre-Bijaya J.V. ले मिति २०८३/०२/१८ मा सो ठेक्काको म्याद थप गरिदिने भनी पत्राचार गरेकोमा निज कम्पनीलाई २०८३ असार १५ गते सम्मको समय सीमा दिई कार्यादेश दिइएको, यस ठेक्काको श्रोत रकम संघीय समपुरक अनुदानबाट विनियोजन भएको र यस आ व मा कार्य सम्पन्न हुन नसकेमा पालिकाको दायित्व बढ्ने भएकोले निज ठेकेदार कम्पनीलाई पालिकाको तर्फबाट महत्तम सहजीकरण र सहयोग गरी तोकिएको समय सीमामा कार्यसम्पन्न गर्न उत्प्रेरित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

नेपाल सरकार संघीय सशर्त अनुदान तर्फको **लालीखोला गर्चा विद्यालय जोड्ने झोलुंगे पुल गराँस ७** को नाममा विनियोजित योजनामा विद्यालयको नाम गर्चा नभई उगाडा भएकोले **लालीखोला उगाडा विद्यालय जोड्ने झोलुंगे पुल गुराँस ७ को** नाममा विस्तृत परियोजना प्रतिवेदन तयार तथा निर्माण कार्य अगाडि बढाउन परियोजनाको साझेदार संस्था **ग्रामिण विकास सेवा केन्द्र, दैलेख** र नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

नेपाल विद्युत प्राधिकरण, वितरण केन्द्र, दैलेख र यस गुराँस गाउँपालिका बीच भएको सम्झौता बमोजिम विस्तार भएको सामुदायिक विद्युतीकरण कार्यक्रम बमोजिम गाउँपालिका क्षेत्रमा विगत लामो समय देखि मिटर रिडिङ्ग नभएको, विद्युत मिटर वितरण नभएको, एमसिपि वितरण नभएको, विद्युत लाइन तथा सेवाग्राहीलाई वितरित लाइनमा समस्या रहेको, वीरेन्द्रनगर नगरपालिका वार्ड नं. १५ र १६ मा वितरित विद्युत र टेलिफोन टावरमा जोडिएको विद्युत लाइनको महशुलको हर हिसाबमा समस्या देखिएको, लामो समय देखि सेवाग्राहीबाट शुल्क जम्मा हुन नसकेको र बुस कटिङ्ग लगायतका काम शुरु गर्नु पर्ने भएकोले गाउँ कार्यपालिकाका पदाधिकारीले नेपाल विद्युत प्राधिकरणसंग यथाशीघ्र समन्वय गरी आपसी समस्या समयमै हल गर्ने, मर्मत सम्भार लगायतका काम अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने, मिटर रिडिङ्ग प्रत्येक महिना गर्ने, वडा कार्यालयमा जम्मा हुन आएको विद्युत महशुल गाउँपालिकाको राजश्व खातामा यथाशीघ्र जम्मा गर्ने र समयमा महशुल नतिर्ने सेवाग्राहीका लागि समयावधि तोकी सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

यस गाउँपालिकामा सामुदायिक महिला स्वास्थ्य स्वमंसेविकाको रुपमा कार्यरत विभिन्न कारणबाट सेवा अवकास हुनु भएकोले गाउँपालिकाको तर्फबाट तपसील अनुसारको प्रोत्साहन तथा किरिया खर्च उपलब्ध गराउने निर्णय गरियो ।

| सि न | नामथर | ठेगाना | प्रोत्साहन रकम | अवकाशको कारण | कैफियत |
|---|---|---|---|---|---|
| १. | पदमकला थापा | गुराँस गाउँपालिका-५, गोगनपानी | रु. २० हजार | उमेर हद | |

टोप बहादुर बि.सी.
अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २. | टीका बि. सी. | गुराँस गाउँपालिका-४, शेरीवाडा | रु. ३० हजार | मृत्यु | किरिया खर्च समेत |

**निर्णय नं. २४**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को दफा १६ बमोजिम तपसील अनुसारको बालमैत्री स्थानीय शासन गाउँ समिति गठन गर्ने निर्णय गरियो।

१. गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि सी — अध्यक्ष
२. गाउँपालिका उपाध्यक्ष श्री शिवा कुमारी खड्का — उपाध्यक्ष
३. प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा — सदस्य
४. वडा अध्यक्षहरु सबै — सदस्य
५. कार्यपालिका सदस्य सबै — सदस्य
६. शाखा प्रमुखहरु (शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई, गै स स) — सदस्य
७. महिला र बालबालिकाका क्षेत्रमा काम गर्ने गै स स १ जना महिला सहित २ जना — सदस्य
८. स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिबाट २ जना — सदस्य
९. महिला शिक्षक र सामुदायि महिला स्वास्थ्य स्वयंसेविका २ जना — सदस्य
१०. बाल सञ्जाल अध्यक्ष (१ बालिका सहित) २ जना — सदस्य
११. महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहको महिला प्रतिनिधि — सदस्य
१२. प्रमुख, प्रहरी चौकी रानीमत्ता — सदस्य
१३. भुपेन्द्र भण्डारी, शिक्षा शाखा प्रमुख — सदस्य सचिव

**निर्णय नं. २५**

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा सम्पन्न भएको कर्णाली छोरी सम्मेलनका लागि आयोजक संस्था ज्योती फाउन्डेशनलाई रु ५०,०००/- (अक्षेरुपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २६**

कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सवलाई रु ७५,०००/- (पचहत्तर हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २७**

मिति २०८३ जेष्ठ २८ गतेका दिन बसेको गाउँ शिक्षा समितिको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. २८**

यस गाउँपालिका भित्रका नागरिकहरुले आफुलाई परेको समस्यालाई सम्बोधन गरी गाउँपालिका अध्यक्ष समक्ष पेश हुन आएको निवेदन र सोलाई प्रमाणित गर्ने कागजातका आधारमा विनियोजित आर्थिक सहायता शीर्षकबाट तपसील अनुसारको रकम आर्थिक सहायता गर्ने निर्णय गरियो।

तपसीलः

| क्र.स | नामथर | ठेगाना | समस्या | सहायता रकम रु. |
|---|---|---|---|---|
| १ | कृष्ण कुमारी वली | गुराँस ८ | पाठेघर सम्बन्धी समस्या भई शल्यक्रिया भएको | १०हजार |

टोप बहादुर बि.सी.
अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | आर्यान विक | गुराँस ३ | मृगौलामा ट्यूमर पलायको | १०हजार |
| ३ | लक्ष्मण बुढा | गुराँस ४ | देब्रे खुट्टा कृतिम राख्नु पर्ने | १०हजार |
| ४ | पदम बहादुर नेपाली | गुराँस ५ | बायाँ हात भाचिएको/जोर्नि फुत्केको | १०हजार |
| ५ | बिष्णु बहादुर बुढा | गुराँस ३ | क्यान्सर रोगबाट पीडित | १०हजार |
| ६ | झुपा नेपाली | गुराँस २ | मृगी रोगबाट पीडिमत | १०हजार |
| ७ | नन्दा विक | गुराँस ३ | दाहिने हात भाचिएको | १०हजार |
| ८ | कुवेर डाङ्गि | गुराँस ८ | सवारी दुर्घटनामा परेको | १०हजार |
| ९ | टेक बहादुर खड्का | गुराँस ८ | पक्षघात सम्बन्धि | १०हजार |
| १० | नन्द ब. वि.सी | गुराँस ७ | बाइक दुर्घटना (स्वास्थ्य समस्या ) | २०हजार |
| ११ | शेर ब. रावल | गुराँस २ | बाइक दुर्घटना (खुट्टाको समस्या ) | २०हजार |
| १२ | कर्ण ब. नेपाली | गुराँस २ | श्रीमति मुटुरोग | २०हजार |
| १३ | गणेश थापा | गुराँस ७ | विद्युत करेन्ट (स्वास्थ्य समस्या ) | २०हजार |
| १४ | पदमकला दमाई | गुराँस ६ | मुटु जन पर्ति विधि क्रिया खर्च | २०हजार |
| १५ | लालमती दमाई | गुराँस ६ | विरामी खर्च | २०हजार |

**निर्णय नं. २९**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) यस गाउँपालिका र देउती अस्पतालको संयुक्त आयोजनामा गुराँस गाउपालिका वार्ड नं ३ को पातिकाल्नामा एकीकृत स्वास्थ्य शिविर गर्ने।

(ख) यस गाउँपालिकामा रिक्त रहेका दरबन्दीहरुको माग आकृति फारम भरी मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको व्यहोरा समर्थन गर्ने।

(ग) यस गाउँपालिकाका अध्यक्ष ज्यूको सवारी चालक पद रिक्त रहेकोले तत्कालमा पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने।

(घ) यस गाउँपालिकाले विगत ४ वर्ष देखि पालिकाको विकास निर्माण, सेवाप्रवाह, नीति निर्माण र समन्वय तथा सहकार्यमा गरेको प्रगति, यहाँको पर्यटन विकास, भाषा कला संस्कृतिको प्रर्वद्धन र संरक्षण, राउटे जातिको व्यवस्थापन तथा पालिका प्रति नागरिकको अभिमत संकलन गर्ने गरी एक वृत्तचित्र निर्माण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई सैद्धान्तिक सहमति तथा अख्तियारी दिने।

(ङ) यस आर्थिक वर्षमा औषधी खरिद गरी बचेको संघीय सशर्त बजेटबाट थप औषधी खरिद गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वास्थ्य शाखालाई अख्तियारी दिने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

(च) यस आर्थिक वर्षको वार्षिक बजेटमा रहेको दीर्घरोगीहरुको लागि औषधि खरिद कार्यक्रमबाट स्वास्थ्य शाखा मार्फत रु ३ लाख बराबरको औषधि खरिद गरी गुराँस अस्पतालमा रहेको फार्मेसीलाई हस्तान्तरण गर्ने र फार्मेसीले सहुलियत दरमा दीर्घरोगीहरुलाई उपलब्ध गराउने।

(छ) सामाजिक विकास समितिको सिफारिशमा LGBTQI सम्बन्धी समूह सदस्यलाई यस आर्थिक वर्षको वार्षिक कार्यक्रमबाट कार्यक्रम अनुदान उपलब्ध गराउने।

टोप बहादुर बि.सी.
अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत